स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एउटै कलाकारको फिल्म एउटै मिति भिड्नु आफैंमा दुर्भाग्यपूर्ण हो । यसले फिल्मको व्यापारमा त असर पार्छ नै, कलाकारलाई पनि समस्या खडा हुन्छ । अभिनेता दयाहाङ राईका लागि यतिबेला आफ्नै फिल्मको भिडन्त टाउको दुखाइ बनिरहेको छ । शुक्रबारबाट दयाहाङ अभिनित दुई फिल्म 'हात्तीछाप' र 'दयारानी'ले व्यावसायिक प्रदर्शन सुरु गरेका हुन् । दुवै फिल्मको प्रचारमा उनको सक्रियता देखिएन । फिल्ममा एउटै कलाकार भए पनि कथावस्तुको हिसाबले दुवै फरक छन् ।

आजको विचार...



लगानीकर्ताको...
(दुई पेजमा)

केशव आचार्य



गायिका एलिना चौहान दरबार मार्गमा गुञ्जिने भएकी छिन् । भ्यालेन्टाइन डेको अवसर पारेर एलिना यही माघ २८ गतेका दिन मन्नत प्यालेसमा गुञ्जिने भएकी हुन् । कार्यक्रममा गायिका चौहानले धोकेबाज, कट्टा हान्दिन्छु, कुरा काट्ने मान्छेले काट्दुन, मिनिरल वाटर, इस्टाको फोटो लगायतका गीतहरु गाउने छिन् । गायिका एलिनासँगै गायक कर्म ग्याल्जेन र लाइभ ब्याण्डको पनि प्रस्तुती रहनेछ । दिवसको पूर्व सन्ध्यामा सदा झैं नयाँ उमंग नयाँ ठाउँ प्रणय दिवसमा जाउँ भन्दै मन्नत प्यालेसले भव्य रुपमा सांगीतिक साँझको आयोजना गरेको हो ।

❐ वर्ष २९ ❐ अंक १९३ ❐ २०८० माघ २७ गते शनिबार 10 February 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# अब सबै पालिकामा हुलाक, १ हजार ६ सय ३६ दरबन्दी खारेज

**हाम्रा संवददाता**

**पाल्पा,** माघ २६/सरकारले हुलाक सेवा सबै पालिकाहरुमा विस्तार गर्ने भएको छ । संगठन संरचना परिवर्तन गर्दै सरकारले हुलाक सेवालाई पालिकाहरुमा विस्तार गर्ने भएको हो ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले समेत 'एक पालिका, एक हुलाक' कायम गर्ने गरी हुलाकको संगठन संरचना परिवर्तन गर्ने निर्णय गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को बजेटले सरकारले जिल्ला र इलाका र अतिरिक्त हुलाक कार्यालयहरु खारेज गर्ने र प्रत्येक स्थानीय तहमा हुलाक कार्यालय स्थापना गर्ने घोषणा गरे अनुरुप मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो । बजेटले सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने घोषणा गरेको थियो । बजेट वक्तव्यमा सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्ने भनिएको थियो । मन्त्रिपरिषद् बैठकले हुलाक सेवा अन्तर्गतका एक हजार ६ सय ३६ दरबन्दी खारेज गर्ने समेत निर्णय गरेको छ । मन्त्रिपरिषदको निर्णयले हुलाकको केन्द्रीय धनादेश कार्यालय र टिकट व्यवस्थापन तथा फिलाटेलिक कार्यालय खारेज भएका छन् ।

सरकारको निर्णयले हुलाक सेवामा वार्षिक ८० करोड रुपैयाँको प्रशासनिक खर्च बचत हुनेछ ।




मन्त्रिपरिषद्को निर्णयले हुलाकको बोझिलो कर्मचारी दरबन्दीलाई सहज गरिदिएको छ । सरकारको निर्णय अनुसार हुलाकका खरिदारदेखि अधिकृतसम्मको दरबन्दी कटौती भएको छ । हुलाक सेवामा अहिलेसम्म कुल १७ हजारभन्दा बढी कर्मचारीको दरबन्दी थियो । त्यसमध्ये ६ हजारभन्दा बढी स्थायी दरबन्दी कायम भएकोमा १ हजार ६ सय ३६ सय कर्मचारीको दबरन्दी हटेको हो । सरकारले हालका ८ सय ६२ वटा इलाका हुलाक कार्यालयहरुलाई पुनर्संचना गर्दै ६ सय ७६ स्थानीय तहको मुकाममा एक-एक वटा स्थानीय तहस्तरीय हुलाक कार्यालय स्थापना गर्ने गरी संगठन संरचना फेरेको हो । ७७ वटा जिल्ला सदरमुकाममा रहने जिल्ला कार्यालयहरुले सोही स्थानीय तहको हुलाकको काम गर्नेछन् । प्रविधिको प्रयोग सर्वसुलभ र व्यापक हुँदै गएपछि हुलाक सेवा अस्तित्व जोगाउने संकटमा छ । सरकारले हुलाक सेवालाई उचित तवरले आधुनिकीकरण र प्रवर्द्धन नगर्दा जनस्तरमा समेत हुलाकको सट्टा निजी कुरियर सेवाप्रतिको आकर्षण बढ्दो छ । सञ्चार र प्रविधिको अभूतपूर्व विकाससँगै खबरहरूको आदान-प्रदानमा भौतिक माध्यमको प्रयोग लगभग अन्त्य भइसकेको छ । चिठीपत्र पठाउने चलन नगन्य छ । जरुरी कागजपत्रको आदान-प्रदान भएपनि त्यसका माध्यम आधुनिक छन् । सेवा कमजोर भएका कारण हुलाकहरुको आम्दानी झन् घट्दै जाँदा सरकारले चालु खर्च घटाउन बजेटमार्फत हुलाक सेवाको पुनर्संरचना गर्ने घोषणा गरेको थियो ।

## संक्षिप्त समाचार

### बन्दुकधारीद्वारा चार जनाको हत्या

**(रासस/एएफपी)**

**त्बिलिसी, जर्जीया,** माघ २६/ दक्षिणपूर्वी जर्जियाली शहर रूस्ताभीमा आक्रमणकारी समूहले गोली हानी चार जनाको हत्या गरेको छ । प्रहरीले आक्रमणमा सम्लग्न भएको आरोपमा एक व्यक्तिलाई नियन्त्रणमा लिएको त्यहाँको गृह मन्त्रालयले शुक्रबार जनाएको छ । सन् १९८८ मा जन्मिएका ती संदिग्ध आक्रमणकारीले राजधानी त्बिलिसीबाट २५ किलोमिटर टाढा एक लाख २६ हजार मानिसको औद्योगिक केन्द्र रूस्तावी शहरको बजारमा केही राउण्ड गोली चलाएका थिए । 'बजारमा काम गर्ने संदिग्धका काकासहित चार जनाको मृत्यु भएको छ,' मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ । शंकास्पद व्यक्तिलाई घटनास्थलबाट नै सुरक्षा नियन्त्रणमा लिइएको मन्त्रालयले जनाएको छ । उक्त आक्रमणमा अर्का एक जना घाइते भएका र उनलाई अस्पताल लगिएको छ । समाचार तयार पार्दासम्म आक्रमण के उद्देश्यले गरिएको थियो भन्नेबारे अझै नखुलेको र घटनाबारे अनुसन्धान शुरू गरिएको प्रहरीले जानकारी गराएको छ । जर्जियामा अवैध रूपमा हतियार राख्नेलाई छ वर्षको जेल सजाय हुन सक्छ त्यसैले सशस्त्र झडपका घटना विरलै हुने गरेका छन् । गत वर्ष एक अवकाशप्राप्त सैनिक अधिकारीले देशको पूर्वी काखेती क्षेत्रमा आक्रमण गर्दा प्रहरी अधिकारीसहित पाँच जनाको मृत्यु भएको र अन्य पाँच जना घाइते भएका थिए । सन् २०१४ मा, जर्जीया सरकारले पहिले खुकुलो पारिएका बन्दुकसम्बन्धी कानुनहरूलाई कडा बनाएको थियो, जसले गर्दा मानिसहरूले विशेष अनुमति बिना बन्दुक किन्न वा बोक्न गैरकानुनी हुने घोषणा गरिएको थियो ।

# सरकारले तीन दिन प्रजातन्त्र दिवस मनाउने

**पाल्पा,** माघ २६/सरकारले आउँदो फागुन ७ को ऐतिहासिक दिनको महत्वलाई जनस्तरमा पुऱ्याउन तीन दिनसम्म विविध कार्यक्रम आयोजना गर्ने भएको छ । सरकारले फागुन ६, ७ र ८ गते विविध कार्यक्रम आयोजना गरी भव्य रुपमा प्रजातन्त्र दिवस मनाउने भएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड''को अध्यक्षतामा शुक्रबार बसेको प्रजातन्त्र दिवस मुल समारोह समितिको बैठकले यस वर्षको दिवसलाई भव्यरुपमा सञ्चालन गर्ने निर्णय समेत गरेको छ । दिवसका अवसरमा प्रजातन्त्र दिवस केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक कार्यक्रमको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाइने भएको छ । राष्ट्रियस्तरका छापा सञ्चार गृहलाई दिवसका उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन एवं प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो




प्रकाशन गर्न समेत सरकारले अनुरोध गर्ने भएको छ । प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयका छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र एवं घर-घरमा दीप प्रज्ज्वलन गरिनेछ । सबै जिल्लाहरूमा सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । सरकारले सातै प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय 'राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति' र सबै स्थानीय तहमा 'राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति' गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन प्रदेशबासीलाई अनुरोध समेत गर्ने निर्णय गरेको छ ।

# काँग्रेस महासमिति बैंठकमा पाल्पाको साझा अवधारणा



**पाल्पा,** माघ २६/नेपाली काँग्रेस पाल्पाले महासमितिको केन्द्रीय बैठकका लागि साझा अवधारणा बनाएको छ । पाल्पाका दुई वटै निर्वाचन क्षेत्रका महासमिति सदस्यहरुको शुक्रबार रम्भा गाउँपालिकाको रिमिघा लेकमा बसेको बैठकले महासमितिको केन्द्रीय बैठकका लागि साझा अवधारणा बनाएको हो । पार्टी सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले फागुन ७ गतेदेखि १० गतेसम्म ललितपुरमा हुन लागेको महासमिति बैंठकका लागि घनिभूत छलफल गरि साझा अवधारणा पत्र तयार गरेको पार्टी सचिव सन्तोष थापा मगरले बताए ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अझै सुध्रिएन अर्थतन्त्र

मुलुक अहिले पनि आर्थिक संकटबाट गुज्रिरहेको छ । बजारमा उपभोक्ताले खर्च गर्न नसक्ने अवस्था अझै कायम छ । अर्थतन्त्रका बाह्य पक्षमा सुधार भएपनि आन्तरिक पक्ष कमजोर भएको छ । सरकारका निम्ति खर्च गर्ने पर्याप्त स्रोत समेत जुट्न सकेको छैन । तर सरकारले भने अर्थतन्त्र सुधारको बाटामा लागेको दाबी गर्दै आएपनि तथ्यांक सन्तोषजनक देखिँदैन । प्रधानमन्त्री र अर्थमन्त्री गएको वर्षसँग तुलना गरेर अर्थतन्त्र सुधार भएको दावी गरिरहेका छन् । चालु आर्थिक वर्षको आधा समय बित्दा राजस्व संकलन, पुँजीगत खर्च, विदेशी सहयोग तथा अनुदान प्राप्ति लगायत सबै सूचकको प्रगति लक्ष्यभन्दा निकै कम छ । पुस मसान्तसम्ममा सरकारी वित्त साढे ४८ अर्ब घाटामा छ । बाह्य क्षेत्र सबल, वित्तीय प्रणालीमा पर्याप्त तरलता, घट्दो ब्याजदर लगायत अनुकूल अवस्था हुँदाहुँदै पनि सरकारी वित्तमा अपेक्षित सुधार देखिएको छैन । समग्र अर्थतन्त्र सुधारका लागि राजस्व वृद्धि, साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, पुँजीगत खर्च बढाउने, विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने लगायत काम थालनी भएको सरकारको दाबी छ । तर सरकारी वित्तको अवस्था नाजुक देखिन्छ ।

गत पुससम्म सरकारले कुल ५ खर्ब १८ अर्ब १५ करोड रुपैयाँ आम्दानी गरेको छ भने खर्च ५ खर्ब ६६ अर्ब ६२ करोड रुपैयाँ छ । यसमा पुँजीगत खर्च करिब १६ प्रतिशत मात्र छ । सरकारले पहिलो ६ महिनामा ६ खर्ब ६८ अर्ब रुपैयाँ राजस्व उठाउने योजना बनाएकामा लक्ष्यको ३५.२१ प्रतिशत मात्र प्रगति छ । कोरोना प्रभाव, रुस र युक्रेनबीचको युद्धले ल्याएको विश्व आर्थिक मन्दीको प्रभावसँगै तीव्र आर्थिक शिथिलताका कारण अझै लगानीको वातावरण बन्न सकेको छैन । खासगरी नीतिगत अस्थिरता, बढ्दो उत्पादन लागत, बैंक तथा वित्तीय संस्थाको उच्च ब्याजदर लगायत कारण निजी क्षेत्र कर्जा लिन र थप लगानी विस्तार गर्न डराइरहेको अवस्था छ । उनीहरुलाई लगानीको वातावरण सिर्जना गर्न सक्ने हो भने पनि अर्थतन्त्रमा केही भएपनि सुधार हुनेछ । यसतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिन जसरी छ ।

### Opinion @ Social Network

सकेसम्म कसैले कसैको जज नगर्नु होला किनकी
तिमीले देखिरहेको जिन्दगी र उस्ले भोगिरहेको जिन्दगीमा धेरै फरक हुन सक्छ ।
(अनिता थापा मगरको फेसबुक स्टाटस https://www.facebook.com/anitathapa.magar.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लगानीकर्ताको मनोबल नबढेसम्म अर्थतन्त्रमा सुधार हुँदैन



**केशव आचार्य**

*सरकारले यस वर्ष धानको उत्पादन बढेर ५७ लाख मेट्रिक टन पुगेको बताएको छ भने निजीक्षेत्रले यो तथ्यांकमाथि प्रश्न उठाएको छ । सम्बद्ध ठाउँमा गएर धान उत्पादनको तथ्यांक नलिई अन्य जिल्लाको दाँजोमा आफ्नो जिल्लाको प्रगति राम्रो देखाउन धान बढी फलेको तथ्यांक टिपाउने गरेको आशंका निजी क्षेत्रले गरेको छ । सरकार सुधार गर्नभन्दा पनि तथ्यांकलाई मात्र सुधार गर्ने पक्षमा छ । यसरी धानको तथ्यांक तोडमोड गर्दा त्यसले कूल गार्हस्थ्य उत्पादनको वृद्धिदरलाई नै प्रभावित बनाउन सक्छ । त्यसैले यस्तो तथ्यांकलाई लिएर गरिने प्रक्षेपणले लगानीकर्ता र उपभोक्ताको मनोबल अझ घटाउन सक्छ । बजारको उत्साह र मनोबल उच्च राख्नका लागि निजीक्षेत्रलाई प्रेरित गर्नुपर्छ । सरकारको प्रमुख काम निजीक्षेत्रको मनोबल उच्च बनाउने खालको कार्यक्रम ल्याउनु हो । नेपालीहरू वितरणमा प्रणालीमा रमाउने कारण पनि सरकारले निजीक्षेत्रको उत्पादन योगदानलाई प्रोत्साहन गरेको छैन । त्यसले हुनसक्छ सरकारले सर्वसाधारणको मनोबल उकास्ने खालका कार्यक्रम ल्याउन सकेको छैन ।*

सरकारले पछिल्ला दिनमा अर्थतन्त्र सुधारोन्मुख हुँदै गएको बताएको छ । बजारमा देखापरेको आर्थिक क्रियाकलापले लगानीकर्ताको मनोबल बढ्न थालेको हो कि भन्ने पनि देखिन थालेको हो । हिजोआज शेयर बजारमा हरियाली बढेको र पुस महिनामा घरजग्गा कारोबार पनि बढेकाले बजारमा आर्थिक चहलपहल बढ्न पुगेको देखिन्छ । तर, बैंकहरूले लगानी ठूलो परिमाणमा बढाउन सकेका छैनन् वा बजारमा कर्जाको माग बढेको छैन । आफ्नै उत्पादनले गति लिएको छैन, मानिसहरूको दैनिकी आयातमाथि नै निर्भर छ । मुलुकले उत्पादन बढाएर आयात प्रतिस्थापन गर्न सकेको अवस्था भइदिएको भए अर्थतन्त्रमा सुधार हुन थालेको अनुभूति गर्न सकिन्थ्यो, त्यसो हुनसकेको छैन । बजारमा जतातत्तै अर्थतन्त्र खत्तम भो बिग्रियो, सुधार्न सकिएन जस्ता भनाइ सुनिन्छ । उद्योग व्यवसायी पनि कूल आफ्नो उत्पादन क्षमताको ५० प्रतिशत मात्रै उत्पादन गरिरहेको बताउँछन् । चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो त्रैमासको तथ्यांकले व्यापार समूहको वृद्धिदर ऋणात्मक रहेको राष्ट्रिय तथ्यांक कार्यालयले देखाएको छ । केही क्षेत्रको वृद्धिदर गत आर्थिक वर्षको सोही अवधिको दाँजोमा न्यून वृद्धि भएको छ भने केही वस्तुको वृद्धिदर बढेको छ । समग्रमा यस अवस्थाले उत्पादक र उपभोक्ता दुवैको मनोबल बढाउन सकेको छैन ।

नेपाल एक कृषिप्रधान मुलुक हो । देशको आर्थिक वृद्धिदरमा कृषि उत्पादनले प्रमुख भूमिका खेल्ने गरेको छ जसमा धानको उत्पादनले ठूलो प्रभाव पार्ने गरेको छ । यसको मतलब धानको उत्पादन राम्रो हुँदा कुल गार्हस्थ्य उत्पादन पनि राम्रोसँग बढ्ने गर्दछ धानको उत्पादन घट्दा वृद्धिदर कम हुने गर्दछ । सरकारले यस वर्ष धानको उत्पादन बढेर ५७ लाख मेट्रिक टन पुगेको बताएको छ भने निजीक्षेत्रले यो तथ्यांकमाथि प्रश्न उठाएको छ । सम्बद्ध ठाउँमा गएर धान उत्पादनको तथ्यांक नलिई अन्य जिल्लाको दाँजोमा आफ्नो जिल्लाको प्रगति राम्रो देखाउन धान बढी फलेको तथ्यांक टिपाउने गरेको आशंका निजी क्षेत्रले गरेको छ । सरकार सुधार गर्नभन्दा पनि तथ्यांकलाई मात्र सुधार गर्ने पक्षमा छ । यसरी धानको तथ्यांक तोडमोड गर्दा त्यसले कूल गार्हस्थ्य उत्पादनको वृद्धिदरलाई नै प्रभावित बनाउन सक्छ । त्यसैले यस्तो तथ्यांकलाई लिएर गरिने प्रक्षेपणले लगानीकर्ता र उपभोक्ताको मनोबल अझ घटाउन सक्छ । बजारको उत्साह र मनोबल उच्च राख्नका लागि निजीक्षेत्रलाई प्रेरित गर्नुपर्छ । सरकारको प्रमुख काम निजीक्षेत्रको मनोबल उच्च बनाउने खालको कार्यक्रम ल्याउनु हो । नेपालीहरू वितरणमा प्रणालीमा रमाउने कारण पनि सरकारले निजीक्षेत्रको उत्पादन योगदानलाई प्रोत्साहन गरेको छैन । त्यसले हुनसक्छ सरकारले सर्वसाधारणको मनोबल उकास्ने खालका कार्यक्रम ल्याउन सकेको छैन । नागरिकको मनोबल उकास्न सरकारले खर्चमा अधिक कटौती गर्नुपर्छ । अनुत्पादक खर्च कटौती गर्नु सरकार नागरिकको प्रशंसा प्राप्त भइरहने वितरणका कार्यक्रमको बजेट कटौती गर्नु हो । सरकार वितरण बजेटमा कतौती गर्नु आफ्नै खुट्टामा बञ्चरोले हान्नु भन्ने बुझिरहेको छ । तसर्थ यस्तो रकम कटौती गर्न सक्ने अवस्था देखिँदैन । जसले बजार मूल्यमात्र बढाउँछ उत्पादन बढाउन सक्दैन ।

निजीक्षेत्र सरकारको आर्थिक साझेदार हो । निजीक्षेत्र र सरकारको साझेदारीसम्बन्धी नीति भए तापनि सरकार वास्तवमा निजीक्षेत्रसँग सहकार्य गर्न खोजिरहेको जस्तो देखिँदैन । यो नयाँ प्रविधिको आविष्कार तथा सूचना र यातायातको विकासले विश्वलाई नै सानो गाउँमा परिणत गरिसकेको युग हो । एकल प्रयासबाट उद्देश्य पूरा गर्न कठिन छ । संगठनमै बल छ भन्ने सन्देश प्रवाह गर्न सरकार सशक्त रहनुपर्छ । सरकारले विकास निर्माण क्षेत्रको काम फटाफट अघि बढाउने र आयोजनाको काम तीव्र गतिमा गराउने हो भने सकारात्मक सन्देश प्रवाह गर्छ । निर्माण क्षेत्र धेरै नागरिकको रोजगारीको स्रोत हो, यसबाट सीमान्त वर्गका अधिक नागरिकले काम पाउँछन् । निर्माण क्षेत्रलाई उत्साहित गर्न निजीक्षेत्रलाई गतिशील बनाउनुपर्दछ जसले देशको समग्र अर्थतन्त्रलाई गति दिन सक्छ । निजीक्षेत्रको गतिशीलताले निर्माण सामग्रीको उत्पादन वृद्धि गर्नुका साथै उपभोग्य वस्तुको माग बढाउँछ । पूर्वाधार निर्माणको काम लगानीकर्ताको मनोबल बढाउने अर्को औजार हो यसलाई सरकारले ध्यान दिन जरुरी छ । सरकार राष्ट्रिय गौरवका आयोजना घोषणा गर्न चाहिँ बढी अग्रसर छ तर समयमा पुरा गर्न सकिने प्रखर योजनाको कमी देखिन्छ । यदि यी घोषित योजनाहरू समयमै सम्पन्न हुनसके त्यसले आर्थिक वृद्धिदरमा साथै औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पार्नसक्छ । जसले उपभोक्ताको मनोबल बढाई बजारलाई चलायमान बनाउन मद्दत गर्दछ । सरकारले आर्थिक विकासका लागि ल्याएको तीनखम्बे नीति उही नीतिमा मात्र सिमित रह्यो । यो सामाजिक फपमा परिचालित भई कार्यान्वयन हुनसकेन । किताबका पानामा समेटेर अन्यलाई देखाउने उदार नीतिमात्र बन्यो । नियमन, नियन्त्रण, परिचालन र व्यवस्थापन गर्नेतर्फ ध्यानै दिइएन । यसैअन्तर्गत सहकारीको अवधारणालाई प्रश्रय दिइयो तर यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न नसक्दा आमनेपाली नागरिकले आयको ठूलो हिस्सा गुमाउनुपरेको छ । सहकारीको मामलामा सरकार मुकदर्शक र सहकारीको रकम हिनामिना गर्नेको संरक्षक बनिरहेको छ । सरकारको यो फितलो नीतिका कारण निजीक्षेत्रले आफ्नो ठूलो बचत गुमाएको छ । व्यापार व्यवसाय गरेर सहकारीमा जम्मा गरेको ससानो रकम त्यो पनि सहकारीले नै गुटमुटयाइदिँदा ससाना व्यापारी मारमा परेका छन् ।

यता सरकारले ढुकुटीमा रकम बढ्दै गएको बताइरहेको, आमदानीभन्दा खर्च बढी गरिरहेको छ । यसरी गरिएको खर्च पुँजीगत नभएर चालु खर्च हो । चालु खर्चले उत्पादन गर्दैन खर्च भएरै जाने हुन्छ यसरी बढेको चालु खर्चले अर्थतन्त्रलाई चिन्ताजनक अवस्थामा पुऱ्याउँछ । सरकारले अनावश्यक खर्च कटौती गर्ने भनेर जनतालाई उत्साहित पारे पनि खर्च घटेको छैन निरन्तर बढिरहेको छ । अर्थतन्त्रलाई सबल, सफल र उन्नत बनाउन सरकार प्रतिबद्ध भएर लाग्नुपर्छ । जब सरकार प्रतिबद्ध भएर हरेक क्षेत्रमा सुधार ल्याउन पहल गर्छ तब परिणाम नआए पनि जनताको मनोबल उच्च हुनथाल्छ । उच्च मनोबलले उत्पादनमा गतिशीलता प्रदान गर्दछ, निजीक्षेत्र उत्पादन गर्नतर्फ आकर्षित हुन थाल्छन् । नेपालको संविधानमै समाजवाद उन्मुख अर्थतन्त्र भनिए पनि हाल अर्थतन्त्र दलाल पुँजीवादको दलदलमा फसेको छ । सरकार, सरकारमा आबद्ध राजनीतिक दल, अन्य दल र तिनका कार्यकर्ता, न्यायलय, सुरक्षा निकाय र कर्मचारीतन्त्र नै नीतिगत रूपमा भ्रष्टचारमा लाग्नुले देशले आर्थिक अनुशासन गुमाइसकेको छ । यसबाट उद्योगी, व्यापारी, व्यवसायी तथा सर्वसाधारण मानिसमा वितृष्णा सिर्जना भयो । आज निजीक्षेत्र लगानी गर्ने चाहँदैन, युवाहरू देशमा बसेर काम गर्ने चाहँदैनन्, कृषक खेती गर्ने चाहँदैनन्, विद्यार्थी पढ्नै चाहँदैनन् । यी सबैको कारक मुलुकमा रहेको विद्यमान राजनीति हो । यो संलिएर निजीक्षेत्रलाई आकर्षण गर्ने खालको नीति नबनाएसम्म निजीक्षेत्र लगानीका लागि तयार बन्दैनन् । अब सरकारले निजीक्षेत्रको मनोबल बढाउन साहसिक निर्णय लिनु जरुरी छ । सरकारले आफ्नो प्रष्ट आर्थिक नमुना तय गरी झिनामसिना कुराबाट बाहिर निस्कनुपर्छ । यस्तो शिथिल अर्थतन्त्रमा सरकार गम्भीर बन्न सक्नुपर्छ । जनता, उद्योगी र व्यापारीको मनोबल बढाउने नीति अवलम्बन गर्नुपर्छ । निजी क्षेत्रलाई दबाउने होइन सहजीकरण प्रदान गरी उत्पादनमैत्री वातावरण सिर्जना गरिदिनुपर्छ । सरकारले परिणाम र गुणस्तर दुवैमा उद्योगी, व्यवसायीलाई मद्दत गरी त्यसको नियमित अनुगमन र मूल्यांकन गर्नुपर्छ । जनताले हरेक कार्यको अनुभूत गर्नेगरी सरकारले काम गर्नु जरुरी छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **तुला** : व्यक्तिगत कार्यमा सफलता मिल्नेछ। चिन्ता हटेर मन हलुका हुनेछ । |
| **वृष** : आर्थिक संकटले गर्दा मनमा अशान्ति र छटपटी व्याप्त हुनसक्छ । | **वृश्चिक** : आँटेको र ताकेको कार्य पुरा होला । समस्या सुल्झाउन पनि सकिनेछ। |
| **मिथुन** : काममा अपेक्षाकृत सफलता हात पर्नेछ । काम गर्ने जोशजाँगर बढ्नेछ । | **धनु** : नयाँ कार्यको योजना बन्ने छ । नजिकको व्यक्तिबाट काम सफल हुनेछ। |
| **कर्कट** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । आर्थिक लाभ पनि रहनेछ। | **मकर** : समय मध्यम खालको रहेको छ। कार्यबाट मन सन्तुष्ट नहुनसक्छ । |
| **सिंह** : शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । अतिथिको आगमन हुनेछ। | **कुम्भ** : लाभदायक र खुसीको यात्रा हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ। |
| **कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ । आत्मबल बढाएर काम गरे सफल भइनेछ। | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला । |

# साहित्य दर्पण

कथा — राजु झल्लु प्रसाद

## चिसो दिन कफी मगमा पनि डुबेन !

उसले चिसो दिनलाई तातो कफी मगमा डुबाइदियो । दुई हत्केला माड्यो र दुवै कानलाई परस्पर स्पर्श गर्यो । हत्केलातीत स्पर्शबाट कानातीत चिसो न्यानो भयो । र, यो दोहोर्याइरह्यो । ऊ मूल सडकलाई हेरिरहन्छ । सडक हुँदै हिँडिरहेका चिसा हत्केलाहरूलाई ऊ तातात्तो कफी दिलाउन चाहन्छ । कसैले ऊतिर हेरेका छैनन् । ऊ अनवरत मूल सडकतिरै हेरिरहन्छ । माघी मनाएर आएको चिसोले शहरलाई जमाउन खोजेको छ । मौसम पूर्वानुमान भन्छ, “भोलि र पर्सी पानी पर्छ । हिउँ पर्ने सम्भावना ।” अर्को साथी अफिसबाट निस्कनै लाग्दा भन्दै थियो, “परोस्, म यसपालि पनि कालिन्चोक जान्छु ।” पादेर न्यानो हुने समयमा को लेकाली हिउँको सुगन्ध खोज्न त्यतिपर जाओस् ? उसलाई साथीको कुराले झोँक चल्छ । उसको आँखा द्वय मूल सडक नै ताकिरहेको छ, मूल सडक सुनसान छ । क्याफे चकमन्न छ । क्याफे साहु भेडाजस्तो बनेको छ, अनुहारको चोसो देखिनै मुस्किल पर्नेगरी बर्दी ओढेको छ । कतिबेला ‘भ्या’ गर्देला र आपत् । उसको डेरा अलि पर छ, त्यही १० मिनेटको दूरी । कोठाको एक्लोपना साह्रो चिसो छ, यसैले ऊ कफी पिउने बहानाले क्याफे छिरेको छ । कोठामा पनि कफी पाक्छ तर एक्लोपनका कारण स्वाद आउँदैन ।



दिनभर अफिसमा हुँदा पसिना छुट्ने गरी भागदौड हुन्छ । हरेक कमर्चारीलाई माघ पनि जेठ हुन्छ । श्रम मन्त्रालय हिमाल बन्दिँदा मुलकमा यस्तै हुन्छ । उसलाई यस कुरालाई खासै फरक पार्दैन । पार्छ तर ऊ ठान्दछ– ‘जाँगमा लुतो सल्किएपछि धेरै कन्याउनु हुँदैन ।’ भर्खरै क्याफे साहूले टाउको कन्यायो । चाया भुरुरु... । उसको पनि आफ्नो कपाल चिलाउँछ तर कन्याउँदैन । मूत्र बिसर्जन होइन, एउटालाई लाग्यो भने अर्कोले पनि झाडी पस्नुपर्ने । ऊ फ्याट्टै भन्दिन्छ, ‘कि दाज्यै, जिब्रो फेरि सुख्खा भयो । एउटा चिया ल्याउनुस् न !’ क्याफे साहू चाया झार्दै भित्र पस्छ र चाया बनाउँछ । होइन चिया बनाउँछ । ऊ चिया पिउँदै मूल सडक ताकिरहन्छ । उसको अनुसार चाया संक्रामक र गम्भीर तब हुन्छ जब मस्तकको छालाको सबैभन्दा माथिल्लो पातलो ‘पत्र’ निष्क्रिय हुन्छ । ऊ शहरको मस्तिष्कमा फंगस (यिस्ट) को अत्यधिक वृद्धि भइरहेको कुराको साक्षी भएकाले चायालाई अति सामन्य घरेलु सरुवा रोग बताउँछ ।

दिनभर अफिसमा हुँदा पसिना छुट्ने गरी भागदौड हुन्छ । हरेक कमर्चारीलाई माघ पनि जेठ हुन्छ । श्रम मन्त्रालय हिमाल बन्दिँदा मुलकमा यस्तै हुन्छ । उसलाई यस कुरालाई खासै फरक पार्दैन । पार्छ तर ऊ ठान्दछ- ‘जाँगमा लुतो सल्किएपछि धेरै कन्याउनु हुँदैन ।’ भर्खरै क्याफे साहूले टाउको कन्यायो । चाया भुरुरु... । उसको पनि आफ्नो कपाल चिलाउँछ तर कन्याउँदैन । मूत्र बिसर्जन होइन, एउटालाई लाग्यो भने अर्कोले पनि झाडी पस्नुपर्ने । ऊ फ्याट्टै भन्दिन्छ, ‘कि दाज्यै, जिब्रो फेरि सुख्खा भयो । एउटा चिया ल्याउनुस् न !’ क्याफे साहू चाया झार्दै भित्र पस्छ र चाया बनाउँछ । होइन चिया बनाउँछ । ऊ चिया पिउँदै मूल सडक ताकिरहन्छ । उसको अनुसार चाया संक्रामक र गम्भीर तब हुन्छ जब मस्तकको छालाको सबैभन्दा माथिल्लो पातलो ‘पत्र’ निष्क्रिय हुन्छ । ऊ शहरको मस्तिष्कमा फंगस (यिस्ट) को अत्यधिक वृद्धि भइरहेको कुराको साक्षी भएकाले चायालाई अति सामन्य घरेलु सरुवा रोग बताउँछ । हालसालैको मन्त्रिपरिषद्को विस्तारलाई उसले ‘फोहोर टाउको’ को उपमा दिइसकेको छ । कसैले भनेका हुन् उसलाई- ‘चाया मानसिक तनावको कारक हो’ । उसले बाल भन्दिएको थियो । ‘स्याम्पु, साबुन, रिठ्ठा वा सफा पानीले चायाविरुद्धको युद्ध जित्तिन्न कि दाज्यै, बरू कपाल फुलाउनुस् कि सेतो रङ ल्याउनुस् !’ क्याफे दाज्यै आफ्नो लागि बनाएको चियाको अन्तिम घुँट गिलासमै छाडेर भित्र छिरे । पक्का छ, उनको टाउकोको छाला मुलायम भयो ।

मूल सडकमा धमिलो हुस्सु बरालिने क्रम बढेको छ । फ्याट्टफुट्ट मोटरका राता चाकहरू देखिँदै छन् । क्या नजाती, अस्ताउँदो क्षितिजले आफ्नो रातो मुख लुकाएपछि शहरका मोटरहरू रातो चाक देखाउन आतुर हुन्छन् । हुस्सिलो मूल सडकतिर आँखा फ्यालिरहन पनि अब उसलाई झिँझक लाग्छ । ‘चिसोदेखि भाग्नेहरू प्रमिथसको आगो सेक्दैछन् । हरामखोरहरू । मख्खीचुसहरू । जुम्साहरू । निकम्माहरू ...’ गालीगलौजमा उत्रिएको उसले एक खेप मुखैले भनी पनि दियो, “कि दाज्यै, आज भालेपोथी खेल्ने दिन परेछ क्या !’ क्याफे साहू भित्तामा टाङ्गिएको स्वास्नी आकारको तस्बीरलाई घुर्छ र ठुटे जुँघा मुसार्दै भन्छ, “गड्यौला बने भइगो नि भाइसाहेब ! भाले पनि, पोथी पनि ।” ऊ फुङ्ङ/फुस्रो सडकको अनुहार सम्झिन्छ र मुलायम जिउधारी गड्यौलालाई सम्झिन्छ । कताकता उसलाई सिमेन्ट पोतेर गड्यौला नासेकाहरू आफैँ गड्यौला बनिरहेका देखेर झोँक पनि चल्छ । फेरि सोच्छ, ‘आफैँ भाले, आफैँ पोथी हुनुको मर्का गड्यौलालाई जति कसलाई होला ?’ होओस्, भालेपोथीको खेलमा उमामहेश्वर नै लागिरहुन् ।

स्मृति र पुनरावृत्तिले गाँजिएको जीवनलाई एकातिर राख्न खोजिरहेको ऊ एकाएक पार्वती नामसँग ठोक्किन पुग्छ । उसले पार्वतीसँग पाङ भ्याली पुगेर जेठो बुढो धानको भात खाएको थियो । खेतीयोग्य फाँट पाङमा पुगेर उसले पार्वतीसँग आफ्नो भाग्य र चिनाको अडेसो लगाएर भनेको थियो, “ज्योतिषको राजधानीमा छौँ । तिमि पार्वती, म महादेव ।’ “पार्वतीले सत्ययुगमै महादेव पाइसकेकी छन् । प्रेममा पुनरावृत्ति आवश्यक छैन । एकैपटक हुन्छ र सदैव भइरहन्छ ।” पार्वतीको यस भनाईलाई उसले सकारात्मक हिसाबले ग्रहण गरि आफू महादेव ठान्दै थियो । एकाएक पार्वतीले अर्कै महादेव भेटाई र नाङ्गोबाङ्गो किराँतरुपधारी महादेवलाई छोडीदिई । पार्वतीकै प्रेमबाट उत्पत्ति भएको आराध्यदेव महादेव यहीं शहरी वनजंगलमै अल्झिरह्यो । उसले कैलाश फर्किने बाटो यद्यपि भेटेको छैन । यसपछि उसले शहर-शहरमा स्वघोष गर्दै हिड्न थाल्यो- “मानव सभ्यताको लागि स्त्री-पुरुष तत्त्व लाभदायक छ अन्यथा संसारमा वैवाहिक मटन चाहिँदैन । प्रेम नै सर्वस्व हो !” ऊ आफूलाई ब्रम्हचारी पनि भन्दो हो तर, उसले त्यो हद पार गरिसकेको छ । उही, कतैकतै ऊ प्रेमलाई जीवनशृंगार र सौन्दर्यको द्वीप बताउँछ तर असलीमा ऊ सुकुमारिताको खोजी गरिरहन्छ । र, चिसो बढेका यस्ता दिनहरूमा त ऊ झनै व्याकुल हुन्छ । क्याफेको चिसो छिडीमा बसी मूल सडक ताक्नु कति विषादपूर्ण कुरा हो ! मूल सडक हुँदै कोही तरुनी हिडली र आफू तातौला सोच्नु कति घिनलाग्दो छ तर ऊ त्यस्तो देखिदैन ! ऊ ठान्दछ, ‘चिसोको कारण आज शहरले सम्साँझै सिरक ओढ्यो । अंगेनो छेउको बिरालो बन्यो ।” र, अलिबेरपछि,.. ऊ रित्तो कफी मग नियाल्दै सोच्छ, “चिसो दिन कफी मगमा पनि डुबेन !” अस्तु !

-साहित्यपोष्ट डटकम

कथा — डीग बहादुर तामाङ्ग

## अमेरिकाको जागीर : नेपालीको आशा

भिसा पाएर, आफूलाई अंग्रेजी त्यति नआउने, हिन्दी चाहि बोल्ने भएकोले, काठमाडौं डिल्ली नेपाल बायूसेवा दिल्ली न्यूयोर्क भारती सेवाको हवाई जाहज चडेर अमेरिका पूगियो । न्यूयोर्कमा सोहन कुमार थापा लिन आएका थिए । केहि दिन उनैको डेरा बाल्टिमोरमा बसेर, कमाउने नाम भएकोले सुइभिल कन्टक्की रोज्ने कि हराउनेभिल कनेक्टीकट रोज्ने भनेर एउटा हमकुरले सुनाए । काम के हो भनेर सोध्दा गिलबार्को कम्पनीले बनाएको छलकपट गर्न नमिल्ने मेशिन चलाउने काम अथवा मिशिन चलाउने ।

एक त जातै लाहुरे, दोस्रो लाल सिंहको नाति, बीरध्वजको नाती लाल बहादुरको छोरा तेश्रो कमाउने बहादुर अब मैले नकमाए कस्ले कमाउने ? त्यस माथि पनि सगरमाथा र कन्चनजङ्घा तिरको बासिन्दा । कमाउनेको पनि परिभाषा छन् । गाँउघरमा छदाँ मैले खोपि खेलेर खोपि बहादुर भन्ने नाम कमाएको थिए भने, काठमाडौंमा पसे पछि तासको म्यारिज खेल्ने भएकोले पदोन्नति भएर तास बहादुर भएको थिए । छोइला चिउरा र मम खान्थे उधारो, समयमा साहुको ऋण तिर्न नसकेकोले खुचा भनेर बोलाउने हुँदा, साथिभाईहरु साहुनी बोलाएको नाम आफैले व्याख्या गरेर खुम बहादुर हु भनेर भन्थें । बीस धाराहरु र बाइसे धारा पनि सबै सुकेर खहरे भै सकेकोले, जनै र भित्री कपडाको जुम्राले म माथि दशबर्षे जनयुद्ध गरिएको बेला, अमेरिकन दूताबासबाट द्रुत गतिमा आएर मेरो हातमा एउटा खाम थमाएर कुलेलाम ठोके एउटा पिउन ।

बिहानको भोजन केही नपाएकोले, घरभेटीकी छोरी शारदालाई ँओला हिसीचा मैचा अले बजि चकन्ची, छमोइ छोइला, छोइला बिउ भनेर सानसंग उपरखुट्टे लगाएर पलङको डिलमा बसेर भरखरै पाएको खामले अनुहारलाई पंखाका काम लिएर बसेकै बेला एक चौथाइ चिउरा र एक मोहरको साधेको मासु रिकापी आएको संकेत रिकापीको बजेको ध्वनीबाट चाल पाए । हत्तारिएर एक करुवा पानी ठाडो घाँटि लगाएर सुरक्याई दिएपछि भोकबाट बिश्राम लिएर, मंगलम् भगवान विष्णु भनेर खाम खोलेको मात्रै के थियो । पहिलो ‘पंक्तिमा लेखिएको थियो, यू ह्याब बिन सेलेक्टेड डिभी लटरी २०१४ भनेर लेखेको अक्षर देखे पछि मेरो मनले स्वर्गमा पाइलो टेकेको अनुभुति गरे । आफ्नो अंग्रेजी भनेको त्यस्तै हो नामै कमाउने बहादुर त्यसैले एसएस नोनो भन्ने बाहेक नजानेकोले बल्लबल्ल संस्कृत पढाउने हरि प्रसादको मा गएर माई नेम इज कमाउने बहादुर आइम फ्रम ताप्लेजुङ्ग,मेनथेवा भिलेज भन्ने सम्मको भाषा टुपीलाई निधारमा झुन्डाएर बोल्ने सम्म भएर मंगलबारको दिन भए भरको लुगाफाटोलाई फ्यालेर, तिन पिप्लेको १५ पाथी बिउ जाने खेतलाई बेचेर पाँच लाख जति रुपैयाँ लिएर पुन कान्तिपुर नगरिमा पैसाको कुम्लो बोकेर फर्के गाँउबाट । बिरध्वजको नानी लालबहादुर नातीले कत्राकत्रा युद्व लडेर बीरता देखाउन सक्नेको सन्तानले नाथे खेत बेचेर पाँल लाख नलिई अमेरिकामा किन पस्नुनि भनेर बीरता देखाउन भनेर तोलारामको पसलमा गएर १५ हजारको कालो सुट सेतो कमिज पहिलै गाँठो पारेर राखेको रातो टाइ किने । मतलब टाइ घाटीमा मिलाएर बाँध्न नसक्ने भएकोले यसरी किने नि । बाडुले साहुको पसलमा गएर एक जोर बाटा कम्पनीको जुत्ता र मोज प्रसाद साहुको पसलमा गएर एक जोर मोजा खरिद गरेर डेरामा फर्किन मात्रै के आँटेको थियो । गाउँभरिका पहिले त बाटोमा भेट हुँदा मुख बंग्याएरअर्कै बाटो छलेर हिंडने गाँउघरका चेलीहरु अमेरिकामा आउने बेलामा त सबैजना सोल्टी भएर साँइनो बनाएर बाटो छेक्न थालिन । मलाई पनि लानोस न, के म त्यति नराम्री छु र ? भन्ने आवाजले कानै दुख्ला जस्तो भयो, म पनि बिरध्वज बाजेले १९६२ भारत र चीनका लडाइँमा बीरगति प्राप्त गरि पाएको पैसाले बाबुले जोडेको खेत बेचेर ल्याएको पैसाले अमेरिकमा जानै लागेको बेला यसरी बाटोमा मुसुक्क हाँसेर बाटो छेक्नेहरुलाई कुन मनले हुन्न भन्ने ? कमाउने बहादुर पनि के कम, ‘उसो भए तिमीहरु सबैलाई लान्छु तर अमेरिकनहरुले भिसामा खिर मिसाएर दियो भने । एक त कस्ले भिसा दिनु र अर्को खिरखाना अमेरिकनहरुले जानेकै छैन । त्यसैगरी छलेर । निस्के नेपालबाट । भिसा पाएर, आफूलाई अंग्रेजी त्यति नआउने, हिन्दी चाहि बोल्ने भएकोले, काठमाडौं डिल्ली नेपाल बायूसेवा दिल्ली न्यूयोर्क भारती सेवाको हवाई जाहज चडेर अमेरिका पूगियो । न्यूयोर्कमा सोहन कुमार थापा लिन आएका थिए । केहि दिन उनैको डेरा बाल्टिमोरमा बसेर, कमाउने नाम भएकोले सुइभिल कन्टक्की रोज्ने कि हराउनेभिल कनेक्टीकट रोज्ने भनेर एउटा हमकुरले सुनाए । काम के हो भनेर सोध्दा गिलबार्को कम्पनीले बनाएको छलकपट गर्न नमिल्ने मेशिन चलाउने काम अथवा मिशिन चलाउने । मैले सोचे सफ्टवेयर भन्ने सुनेको थियो तर गिलबार्को भनेको थाहा थिएन । कम्पनी पाकिस्तानीको हो । तामिल भरि पैसा नपाउने तर तालिम सकेर पाँच दिन पछि, प्रति घण्टा डलर आठ पाउने रे । उसो भए किन नजिकैको कनेटिकटमा किन नजाने । बिहान ६ बजे पुगेर बाहिरको फोहोर फ्याल्नु पर्ने तामिल एक हप्ता पछि सकियो, त्यस पछि बाथरुम सफागर्ने र कफि बनाउने तामिल एक हप्ता पछि बल्ल पालो आयो । क्यासिएरको पछाडि उभिएर कसरी गिलबार्को मिशिन चलाउने चलन हेर्ने ? अर्को हप्ता भरि पहिलेको मेशिन चलाउनको पछाडि बसेर चलाउन सिक्ने । बल्लबल्ल ३ महिना बेतलबी काम गरे पछि, एक दिन साहु आएर, ‘तु काम करेका न ?’ कमाउनेले मुन्टो हल्लाएर गर्दहुँ भने पछि । भोलिपल्ट बिहान ३ तिन उठेर, चारवटा बस फेरेर काममा पुगेँ । बाटोमा हाप्सिलोहरुले मेरो अनुहार ‘ह्वाट अफ’ भन्ने आवाजले सात्तो गयो । पहिलो दिनमै, गिल्बार्को मिशिनले नचिनेर हो वा आफुले चलाउन नजानेर हो ३५डलर नपुग देखियो, खल्तिबाट झिकेर सोधभर्ना गरें । कामउनेले फकाँउदा पनि मिशिन रिसाएको जस्तो भान भयो । ग्याँस रिलिज गर्न जानियो, मालबोरो चुरोटमात्रै उन्चासिल प्रकारका हुँदो रहेछन, त्यो पनि जानियो, बिस्तारै सबै काममा प्रबिणता गरेपछि, साहुले नाम कमाउने बहादुर भए पनि आफुलाई कमाउन सहज हुने भएकोले दैनिक १८ घण्टा काम दिए, साहु खुसि कमाउने त झनै खुसि । एक हप्ता १ सय २६ घण्टा काम गरे पछि एक महिनामा ५ सय ४ घण्टा काम गरे सके पछि, महिनाको करिब चार पाँच हजर डलर कमाउने भयो । नेपालमा छँदा बिरामी हुँदा बीर अस्पताल सम्म नपुग्ने । रातदिन, सित्तै पाएको कोकाकोला र आलुचिप खाएर छाक टार्न पल्लकेका कमाउनेलाई सित्तैमा सुक्याउन पाउने कोक र आलुचिपले एक दिन अस्पतालमा पुऱ्याए । तुरुन्त आउन पऱ्यो भनेर खबर आयो घरबाट । उसो भए म कमाउनेबाट कामरेड भै सकेको के कम ? फेसटाइम अन गरेर कुरा गरे सुकन्या संग ‘मसक्क मस्केर हजुर सारै ह्याण्डसम’ आफू पैंतालिस काटेर छयालीसमा उक्लेको बेला । दुइ बिसे पाँच बर्षेकीलाई त तहलाउन सक्छु भन्ने आटले ‘तिमी पनि सारै राम्री रहेछौ नि सायरा बानु जस्ती’ । राम्री पाए पछ्याउनेहरु मध्ये म पनि एक हुँ । पाँच वर्षपछि कमाउने नाम बाट कामरेड भएर विवाहको लागि फर्किने समयमा, सारा नातागोताहरुबाट तारन्तार फोन आउन थाले । बाबु र आमालाई आईफोन आठ ल्पस दुइ हजार, बहिनीहरुलाई आइफोन सात ल्पस एक ल्यापटप तिन हजार, माइज्यू र मामालाई आईफोन पाँच ल्पस, एक हजार, काका र काकीहरुलाई आइफोन छ ल्पस एक हजार । जेएफके बाट (जोन एफ केनेडि) एयरपोर्टबाट इमिरेट एयरको फ्लाइटबाट दुवै पुगियो, इन्टरनेशनल टर्मिनलबाट डोमेस्टिक टर्मिनलमा पुगेर १० कार्टुन चुरोट पाँच घैलो कालो लेबल स्कच खरिद गरियो । बुधबार पुगियो शुक्रबार कमाउने र कामरेड जन्ती अन्मनाएर बालाजुको गोठारमा खाउन्नेको घर बाट बेहुली अन्माएर ल्यायो । जगगेमा खोपै रमाइएकी दुलही जब जन्तीबाखो ख्याएर साँझ पर्न थाल्यो अनुहारमा एक किसिमले चमक हरायो । स्वागरातको दिन नछुने भो भनेर टारिन । कमाउनेको कामरेडहरुसंगको भेटघाटले र अमेरिकन दुतावासको श्रीमतीलाई ल्याउने भिसाको लफटाले दिन त्यसै गयो । त्यति राम्रोसंग सम्बन्ध कायम नगरि अमेरिका फर्के । हरेक हप्ता अनुहार किताबमा र अनुहारै देखिने गरि सम्बाद भै नै रहेको थियो । मिठो कुरा नगरेर खाली औपचारिक संवादलाई मलाई पटक्कै मन पर्दैन थियो र भन्छु भनेर नामर्दको ओखती हयुस्की भनेर पिएर फोनमा बस्यो कि उनि परै बस्थिन । एउटै आशा बाँकि थियो, अब आफनी श्रीमती भिसा पाएर आँउछे दुवैजना मिले कमाउला भन्ने आशामा रमाएर बसेको बेला । नेपालबाट फोन आयो लौ दुलही नानीले भिसा पाइन कहिलेको टिकट मिलाएर पठाउ भनेर आमाले फोन गरिन । बैशाख महिनाको ४ गते अप्रिल महिनाको १९ तारिखको दिन उनि आइ पुगिन अमेरिका । मैले एयरपोटबाट ल्याएर हाम्रो कोठामा सामानहरु राखेर खाना पकाउने तरिका र चुलो कसरी चलाउने भनेर सिकाए । म संग अप्ठ्यारो मानि ओछ्यानमा पसिन, उनि त्यति खुसि नभएको अनुहारले प्रष्ट बताउथ्यो चौबिसै घण्टा मेसेन्जरमा कुरा गरेर बस्थिन । मैले नजिकैको सेभेनलेभेनमा काम लगाए दिएको थिए । काममा जान्थिन, तलब आफैसंग राख्थिन । यसरी तिन चार महिना गुजारा चल्यो । जब ग्रिनकार्ड आइपुग्यो उनि बौलाउन थालिन । म त अब तिमीसंग सुत्तिन, आजदेखि म साथीसंग बस्न जान्छु भन्छे । कमाउने बहादुरबाट कामरेड भएको मानिसले चिच्याएर बोल्न पनि नहुने भरबल अव्युज भन्ने । भएभरको बलनिकाले मुडकीले दिउँ भने पनि फिजिकल अव्युज ठान्ने घोसे मुन्टो पारेर पुर्पुरोमा हात राखेर बसें । उनि अब आफनो मन परेको केटोलाई ल्याएर रामाएकी छिन । छोडपत्रको कागजपत्रमा सहिछाप गर्ने बेलामा उन्लाई मैले जीवन भरि मैले कमाएको आधा दिनु रे । जिन्दगीमा आफू समानकी संग नाताजोडेको भए यसरी तरुनीकी ज्वाई कुना बसि रोइ हुन्न थियो होला । बीर ध्वज्को साँइनोले केही सीप लागेन, छट्टु बेमानको अगाडि ।

-समकालीन साहित्य डटकम

